सर्वोच्च अदालत
काठमाडौं

# सर्वोच्च अदालत

## प्रेस विज्ञप्ती

### सम्माननीय प्रधान न्यायाधीश नेतृत्वको भ्रमण दल स्वदेश फिर्ता

सम्माननीय प्रधान न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठज्यूको नेतृत्वको भ्रमण दल भारतीय प्रधान न्यायाधीश **Hon'ble Chief Justice DY Chandrachud** को निमन्त्रणामा मिति २०२३ **November 27-28** सम्म सञ्चालन भएको **'Chief Justices' Roundtable on Equal Access to Justice for all in the Global South'** मा सहभागिताका लागि मिति २०८० साल मंसिर १० गते भारतको नयाँ दिल्ली गएको थियो। उक्त भ्रमण दल आज मिति २०८० साल मंसिर १३ गते नेपाल वायुसेवा निगमको बिमानबाट स्वदेश फिर्ता भएको छ।

उक्त कार्यक्रममा सम्माननीयज्यूबाट नेपालमा कानूनी सहायताका सम्बन्धमा भएका व्यवस्था एवम् प्रयासहरुका बारेमा सहभागिहरुबीच जानकारी गराउनुका साथै नेपालमा वैतनिक कानून व्यवसायीका बारेमा भएको व्यवस्थाका सम्बन्धमा जानकारी गराउँदै कानूनी सहायता र न्यायमा पहुँचमा रहेका समस्या र अवरोध समेतका विषयमा चर्चा गर्दै समाधानका विकल्पहरुको सम्बन्धमा समेत आफ्नो धारणा प्रस्तुत गर्नुभयो । विभिन्न १७ (सत्र) मुलुकका प्रधान न्यायाधीशहरुको सहभागिता रहेको उक्त सम्मेलनले **'New Delhi Principles on the Role of Judiciary in Ensuring Equal Access to Justice for All in the Global South'** पारित गरेको थियो।

सो अवसरमा सम्माननीय प्रधान न्यायाधीशज्यू र भारतका प्रधान न्यायाधीश **Hon'ble Justice Dr. Dhananjaya Chandrachud** बीच आपसी सहयोगका विषयमा द्विपक्षीय भेटघाट र छलफल समेत भएको थियो। साथै दुई देशका न्यायपालिकाको बीचको आपसी सहयोग एवम् सहकार्यका थप क्षेत्रहरुको बारेमा चर्चा भएको थियो।

सम्माननीय प्रधान न्यायाधीशज्यू नेतृत्वको भ्रमणदलमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर र सहरजिस्ट्रार श्री विमल पौडेल संलग्न रहनुभएको थियो।

२०८०।८।१३

मिति २०८० मंसिर १३

गोविन्दप्रसाद घिमिरे
सहप्रवक्ता